# विश्व वित्तीय सप्ताह- २०२१ को अवसरमा कार्यक्रम सम्पन्न

विश्व वित्तीय सप्ताहको अवसरमा कृषि टेलिभिजनमा टेलिभिजन कुराकानी (TV Talk Show) कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक श्री मीना पाण्डे र गभर्नरको कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले सहभागिता जनाउनुभयो । सो अवसरमा उहाँहरूले वित्तीय साक्षरताको सन्दर्भमा बचत, कर्जा, उद्यमशीलताको विकास, आयआर्जन, लगानी, डिजिटल बैंकिङ, उत्पादनशील क्षेत्रमा रेमिट्यान्सको उपयोग, रेमिट्यान्स पठाउँदा औपचारिक माध्यमको प्रयोग, बीमाका सैद्धान्तिक र व्यावहारिक पक्षका साथै नेपाल राष्ट्र बैंकको सफा नोट नीति, पुनरकर्जा तथा सहुलियतपूर्ण कर्जालगायतका विषयमा प्रस्तुति दिनुभएको थियो ।




यसै गरी, गभर्नरको कार्यालयका निर्देशक एवम् सह-प्रवक्ता तथा सूचना अधिकारी श्री नारायणप्रसाद पोखेलले सामुदायिक सूचना नेटवर्क (सीआइएन) मा विश्व वित्तीय सप्ताहकै सन्दर्भमा नेपाल राष्ट्र बैंकले वित्तीय साक्षरता अभिवृद्धिका लागि गरिएका नीतिगत व्यवस्थाका सम्बन्धमा प्रस्तुति दिनुभएको थियो ।